(आर्थिक वर्ष २०८१/०८२ को तेस्रो बैठक)

आज मिति २०८१ आश्विन १६ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

<u>सहयोगी कर्मचारीहरु :</u>

- श्री विनेश कुमार श्रेष्ठ, शिक्षा अधिकृत
- श्री राजाराम घोरासैनी, ईञ्जिनियर सातौ
- श्री गंगासागर पौडेल, सूचना प्रविधि अधिकृत
- श्री पुण्य प्रसाद पराजुली, सव ईञ्जिनियर
- श्री मंगेश कुँवर, कम्प्युटर अपरेटर

श्री अनिशा अधिकारी

**प्रस्तावहरुः**

१) निर्णय अनुमोदन सम्बन्धमा।

२) बोलपत्र आव्हान सम्बन्धमा।

३) कवर्ड हलको डि.पि.आर तथा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धमा।

४) भुक्तानी सम्बन्धमा।

**निर्णय नं १**

मिति २०८१ असोज १३ गतेका दिन बसेको स्थानीय विपद व्यवस्थापन समिति बैठकको तपसिल बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

१) मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाबाट भोटेकोशी गाउँपालिका साथै देश भरि गएको बाढी, पहिरो जस्ता विपदले धेरै जन तथा धनको क्षति पुर्याएको हुँदा मृत्यु हुनेहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने, साथै गाउँपालिका भित्रको जनजीवन पुन: सामान्य बनाउनको लागि.आवश्यक व्यवस्था गर्ने।

२) मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाबाट यस भोटेकोशी गाउँपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा राजमार्ग तथा साहायक मार्गहरुमा पर्ने बेलिब्रिज तथा ढलान पुलहरु बगाएको हुँदा पालिकाबाट वडा कार्यालयहरुमा हुने भौतिक सम्पर्क टुटेको छ। संघीय सरकारको मातहतमा रहको पुल भएता पनि नजिकिदै गरेको नेपालीहरुको महान चाड दशैँलाई ध्यानमा राखी उक्त पुल भएको ठाउँमा तत्काल पेनस्टोक पाइप राखी बाटो सुचारु गर्ने तथा तत्काल मानव आवतजावतको लागि तुईन व्यवस्थापनको लागि गाउँपालिकाबाट व्यवस्थापन गर्ने र संघीय, प्रदेश तथा अन्य निजि निकायहरु संग पनि आवश्यक समन्वय गर्ने।

३) सोहि बर्षाको कारण विभिन्न वस्तीहरुमा पहिरो तथा बाढीले खानेपानीको पाइप, मुहान तथा ट्यांकी बगाएको जानकारी प्राप्त भएमा तत्काल विपद व्यवस्थापन कोषबाट सम्बोधन गरि मर्मत सम्भार गर्ने व्यवस्था मिलाउने।

४) तपसिल बमोजिमको खर्च अनुमोदन तथा बाँकि रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

क) मिति २०८१/०३/३१ गतेको अविरल वर्षाको कारणबाट भोटेकोशी गाउँपालिका वडा नं ४ सुर्सिङ तथा सेलाङकट्टीमा पहिरो गई खानेपानीको मुहान तथा अन्य संरचना मर्मत गर्नुपर्ने भएकोले उक्त कार्यको लागि भएको खर्च विपद व्यवस्थापन कोष बाट भुक्तानी गर्न कार्यपालिका बैठकमा सिफारिस गर्ने।

Scanned with CamScanner

अ) सेलाङकट्टी खानेपानी रु ६५,७४९.९०

आ)सुर्सिङ खानेपानी ४२,३६८.५८

इ) रमेश तामाङ गाडी भाडा (सेलाङकट्टी उद्धार तथा निरीक्षणमा प्रयोग भएको) रु १८,०००

ख) मिति २०८१/०४/०३ गते बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौँडाबाट प्राप्त विपद व्यवस्थापनको लागि आवश्यक सामग्रीहरु ढुवानी गर्दा भोटेकोशी गाउँपालिका वडा नं ४ डाक्लाङमा पहिरो गई चाकु स्थित श्री धनेश्वरि मा.विमा सामग्री भण्डारण गर्दाको भाडा (हेटौंडाबाट चाकु ठुलो गाडीमा १ पटक, तथा चाकुबाट पालिका भवन सम्म सानो गाडीमा पल्टी गर्दा २ पटक गरि ढुवानी भएको तथा सामग्रीहरु लोड/अनलोड गर्दा भएको खर्च विपद व्यवस्थापन कोष बाट भुक्तानी गर्न कार्यपालिका बैठकमा सिफारिस गर्ने ।

अ) गाडी भाडा पवित्र कार्की रु ४,५०० (भुक्तानी हुनुपर्ने)

आ)गाडी भाडा इन्द्र प्रसाद लम्साल रु ३३,४०० (अनुमोदन हुनुपर्ने)

इ) लोड अनलोड ज्याला रु ६,८००

ग) मिति २०८१/०४/१७ गते भोटेकोशी गाउँपालिका वडा नं १ सोताङ बस्ने श्री डम्बर बहादुर तामाङको घर आगोलागी बाट क्षति भएको हुँदा तत्काल अस्थायी बसोबासको लागि टेन्ट, त्रिपाल, खाद्यान्न, लत्ता कपडाहरु गाउँपालिका बाट ढुवानी गर्दाको गाडी भाडा तथा खाद्यान्नको बिल भर्पाइ अनुसारको खर्च अनुमोदन तथा बाँकि विपद व्यवस्थापन कोष बाट भुक्तानी गर्न कार्यपालिका बैठकमा सिफारिस गर्ने ।

अ) गाडी भाडा पवित्र कार्की रु ३,९०० (हिन्दि बाट काङलाङ सम्म)

आ)गाडी भाडा चमेरे प्रधान रु ३,७०० (काङलाङ बाट सोताङ सम्म)

इ) लोड अनलोड ज्याला रु १,७००

ई) दिल बहादुर खाना तथा नास्ता सेन्टर खाद्यान्न रु ८,०५०

५) माथिल्लो भोटेकोशी पावर कम्पनि हाइड्रो पावरबाट प्राप्त बजेट रकम रु. ५० लाख बराबरको रकम बाट भोटेकोशी गाउँपालिका वडा नं २ र ३ जोड्ने १० किलो बेलिबृजको वारि र पारि आवश्यक सपोर्ट वाल लगाउन आवश्यक देखिएकोले सो रकम ठेक्का मार्फत योजना संचालन गर्न तत्काल आह्वान गर्न सिफारिस गर्ने ।

६) मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण भोटेकोशी गाउँपालिका वडा नं २ अनतर्गत रहेको तातोपानी धारा आसपासमा क्षति पुगेकोले त्यसको संरक्षण गर्नुपर्ने भएको हुँदा तत्काल लागत इस्टिमेट तयार गरि विपद व्यवस्थापन कोषबाट उक्त स्थानमा भोटेकोशी नदि तटबन्धनको कार्य गर्न सिफारिस गर्ने ।

Scanned with CamScanner

**निर्णय नं २**

प्रस्ताव न २ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको आ.व ०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको योजनाहरुको तपशिल बमोजिमको लागतभित्रको अधिनमा रहि बोलपत्र आव्हान गर्ने ।

| सि.न | योजनाको नाम | स्वीकृत रकम | बजेटको स्रोत | प्रारम्भिक लागत |
|---|---|---|---|---|
| १. | वडा न १ को कार्यालय भवन निर्माण | १,२३,४८,०००।०० | गा.पा. र जि.स.स | २,१६,००,०००।०० |
| २. | डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तरउन्नती | २,००,००,०००।०० | संघीय समपूरक | २,६०,००,०००।०० |
| ३. | भोटेकोशी कबर्ड हल निर्माण | २,००,००,०००।०० | प्रदेश समपुरक | DPR बमोजिम |
| ४. | भैरवकुण्ड पर्यटन प्रवर्धन स्तर उन्नति | २,००,००,०००।०० | प्रदेश समपुरक | DPR बमोजिम |
| ५. | गुरु पद्मसम्भव पार्क निर्माण | २,८०,००,०००।०० | संघीय विशेष | ३,६४,००,०००।०० |
| ६. | मर्मिङ मा.वि खानेपानी योजना | ८०,००,०००।०० | प्रदेश विशेष | १,०४,००,०००।०० |

**निर्णय नं ३**

प्रस्ताव न ३ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको आ.व ०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश समपूरक अनुदानमा भोटेकोशी कबर्ड हल निर्माण गर्न रु २,००,००,०००।०० र भैरवकुण्ड पर्यटन प्रवर्धन स्तर उन्नति तर्फ रु २,००,००,०००।०० विनियोजन भएको तर उक्त कार्यको डि.पि.आर तथा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न यस कार्यालयको जनशक्ति पर्याप्त नभएको हुदा उक्त कार्यको लागि परामर्श सेवा खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

क) यस भोटेकोशी गाउँपालिकाको वडा नं २ र ३ जोड्ने १० किलो बोक्चेन सडक भोटेकोशी नदि माथिको बेलिब्रिज निर्माण सम्पन्न भएको हुदा प्राविधिक कार्य सम्पन्नको आधारमा बेलिब्रिज निर्माणको तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

कार्य सम्पन्न - रु ४,४२,८१,४६७

भुक्तानी दिनु पर्ने - रु २,८२,८८,८४५

पेश्की - ४४,७७,०००

बाँकि भुक्तानी दिनुपर्ने - रु २,३८,११,८४५

**ख)** भोटेकोशी गाउँपालिकाको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको योजनाहरुको वहुवर्षीय रुपमा बोलपत्र आह्वान भइ ठेक्का सम्झौता भई कार्यान्वयन भएको र उक्त योजनाहरुको रनिङ बिल पेश भएको तर उल्लेखित योजनाहरुको स्रोत सुनिश्चित गर्दा संघीय सरकार राजस्व बाँडफाँड बाट स्रोत र सो स्रोतमा हाल पर्याप्त रकम नभएको हुँदा अन्य उपयुक्त स्रोत मार्फत सापटी लिई हाललाई प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो।

१) तातोपानी धारा

२) डाक्लाङ लिस्ती भैरवकुण्ड सडक

Scanned with CamScanner